आज मिति २०८१ असोज १० गते बिहीबारको दिन दार्मा गाउँपालिका आ.व. २०८१/८२ को चौथो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |

रमेश देवकोटा — सचिवालय

प्रस्तावहरु

१. अपाङ्ग सहायता सामाग्री वितरण गर्ने सम्बन्धमा ।

२. कार्यविधि संशोधन सम्बन्धमा ।

३. रिक्त अ.न.मी पदको पदपूर्ती सम्बन्धमा ।

४. रिक्त ल्याव असिस्टेन्ट पदको विज्ञापन आह्वान सम्बन्धमा ।

५. योग शिविर विशेष अन्तरक्रिया कार्यक्रम सम्बन्धमा ।

६. भल्चौर स्वास्थ्य संस्थामा कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा ।

७. आयोजना प्रस्ताव गर्ने सम्बन्धमा ।

८. सरसफाई अभियान सम्बन्धमा ।

९. रेडक्रस सँग साझेदारी सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं १

नेपाल रेडक्रस सोसाईटीको आयोजनामा दार्मा गाउँपालिकामा रहेका अपाङ्गहरुलाई सहायता सामाग्री वितरण गर्न अपाङ्गहरुको सूची अनुमोदन गर्ने ।

### निर्णय नं २

दार्मा गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७८ मा तपसिलका केही प्रावधानहरु नसमेटिएको हुँदा कार्यविधि संशोधन नहुँदा सम्म तपसिलको प्रावधान अनुसार काम गर्ने गराउने ।

तपसिल

१. सिफारिस शुल्क रु. २००

२. नमुना कार्य गर्ने टोलविकास संस्थालाई रु . ५००० प्रोत्साहन भत्ता र प्रमाणपत्र

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ३**

सामुदायिक स्वास्थ्य इकाई कागुनोहाल्नेमा र सामुदायिक स्वास्थ्य तथा प्रसुति सेवाकेन्द्र ज्यामिरेचौर मा जम्मा २ (दुई) जना अ.न.मी. पद रिक्त रहेकोले गाउँपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७७ (संशोधन समेत) को दफा ११ को उपदफा २ बमोजिम विज्ञापन नम्बर ०५/२०८०/८१, मिति २०८१/२/२२ गतेका परिक्षाको बैकल्पिक उम्मेदवारहरुलाई करार नियुक्ति दिने ।

**निर्णय नं ४**

दार्मा गाउँपालिकामा रिक्त करार ल्याव असिस्टेन्ट संख्या (२) को पदपूर्ती गर्न विज्ञापन आह्वान गर्ने ।

**निर्णय नं ५**

दार्मा गाउँपालिकाको आयोजनामा यहि मिति २०८१ कार्तिक २ गतेदेखी हुन गईरहेको वृहत योग शिविरको सन्दर्भमा योग शिविर विशेष अन्तरक्रिया कार्यक्रम तपसिलको मिति समय र सहभागितामा आयोजना गर्ने ।

तपसिल

१. मिति समय र स्थान : असोज २० गते विहान ११ बजे

२. सहभागि

i. केन्द्र तथा प्रदेशका मन्त्रि,
ii. जिल्ला समन्वय प्रमुख/उपप्रमुख
iii. १० वटै पालिका प्रमुख/उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत
iv. जिल्ला स्थित सरकारी कार्यालय प्रमुख तथा प्रतिनिधि
v. नयाँ तथा पुराना जनप्रतिनिधि
vi. शाखा प्रमुख र वडा सचिव
vii. राजनीतिजक दल, व्यापारी र बुद्दिजिवी
viii. युवा विद्यार्थी

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

...राम ओली
प्रमुख प्रशासकीय अधिकृत

ix. धार्मीक व्यक्तिहरु, पत्रकार, कलाकार

**निर्णय नं ६**

भल्चौर स्वास्थ चौकीमा कार्यरत कार्यालय सहयोगी अमर चन्दले पदबाट राजीनामा दिईसकेकोहुँदा वडा नं ४ को कार्यालयमा कार्यरत माया शाहीलाई खटाउने ।

**निर्णय नं ७**

पूर्वाधार विकास कार्यालय सल्यानको चलानी नम्बर ९७, मिति २०८१/०६/०९ गतेको पत्रअनुसार दार्मा गाउँपालिका अन्तरगत भूकम्पबाट क्षतिग्रस्त भएका सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य संस्थाहरुको पुनर्निर्माण गर्न **"भूकम्पबाट क्षतिग्रस्त भवन पुनर्निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** को अनुसूची-१ बमोजिम तपसिलका आयोजनाहरुको प्रस्ताव पेश गर्ने ।

| सि.नं. | विद्यालय तर्फ | स्वास्थ्य संस्था तर्फ |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**निर्णय नं ८**

**"हरेक शुक्रबार सरसफाईबार र हरेक शनिबार श्रमबार"** को नारालाई कडाईकासाथ लागु गर्ने र जनप्रतिनिधि तथा कर्मचारीहरुले प्रत्येक शुक्रबार कार्यालय परिसर र बजार सरसफाई गर्ने तथा हरेक शनिबार आ-आफ्नो अनुकुलतामा श्रम गर्ने गराउने ।

**निर्णय नं ९**

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

मर्मत संभारकोषबाट खर्च तथा लेखांकन हुनेगरी तपसिलको आयोजनाहरुको आयोजनाहरु कार्यान्वायन गर्ने ।

| सि नं | आयोजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | फारुलाबजार भित्रि सडकखण्डको ठाडोबाटो स्तरउन्नती | दार्मा ३ | ११,००,०००। | रेडक्रससँग साझेदारी |
| २ | फारुलाबजार खानेपानीको लागि मोटर खरिद | दार्मा ३ | २,००,०००। | रेडक्रससँग साझेदारी |
| ३ | बाङ्गेलाखुरी फारुलाचौर सडकखण्डमा तारजाली | दार्मा ६ | ५,००,०००। | |

**निर्णय नं १०**

दार्मा गाउँपालिका वडा नं ५ मा रहेको स्वास्थ्य इकाई कागुनोहाल्नेको भवन निर्माणको लागि आवश्यक जग्गा जग्गाधनी डिल बहादुर खत्रीको साविक ढाकाडम गा वि स वडा नं १ मा पर्ने कि.नं १२०९,ज.वि. ४-११-२-३ को जग्गा स्वास्थ्य भवन बनाउन उपयुक्त भएकोले उक्त जग्गा खरिद गरि स्वास्थ्य इकाई कागुनोहाल्नेको नाममा रजिष्ट्रेशन पास गर्न मालपोत कार्यालय सल्यानलाई लेखि पठाउने ।

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

प्रमाणित

प्रमुख प्रशासकीय अ...